"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल
Fikkal, Ilam, Province No.1, Nepal

प.सं. ०७९/०८०/प्रशासन
च.नं.

मिति: २०७९/०६/२६

# सूचना

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको पाचौं बैठक (०७९/८०) को निर्णयानुसार सूर्योदय नगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला ब्यवस्थापन गर्नका लागि राजमार्गबाट बढीमा ३ (तीन) किलोमीटर क्षेत्रभित्र एकै कित्ता वा साध जोडिएका विभिन्न कित्ताहरूको एउटै प्लटबाट न्यूनतम लम्बाई र चौडाई क्रमश: ६० मीटर र ७० मीटर भएको न्यूनतम ९ (नौ) रोपनी फोहोरमैला ब्यवस्थापन गर्नका लागि उपयुक्त हुने किसिमको बनावट र भूगोल रहेको सू.न.पा. वडा नं. ९ र १० क्षेत्रभित्रका जग्गा नगरपालिकालाई आवश्यक भएकोले जग्गा प्राप्ति ऐन, २०३४ अनुरुप मुआब्जा निर्धारण समितिबाट निर्धारण गरेको मुआब्जा प्राप्त गर्ने गरी जग्गा प्रदान गर्न इच्छुक जग्गाधनीहरूले यो सूचना जारी भएको १५ (पन्ध्र) दिनभित्र तपशिलका विवरण भरी/ कागजात संलग्न राखी प्रस्ताव पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

पुनश्च: प्रस्ताव पेश गर्ने अन्तिम दिन सा.वि. भएमा सो पछिको कार्यालय खुल्ने दिनलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिनेछ।

**तपशिल:**

क) यसैसाथ संलग्न फारम भरी माग भए बमोजिमका कागजात संलग्न गर्नुपर्ने। (सो कागजातहरू वेबसाइट www.suryodayamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।)

मिलन गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७९/ /

श्री सूर्योदय नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम ।

विषय : जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा सू.न.पा. नगर कार्यपालिकाको कार्यालयको मिति २०७९/०६/२६ गते प्रकाशित सूचनामा माग भए बमोजिमको मेरो नाममा दर्ता रहेको तपशिलको विवरण भएको जग्गा मैले नियमानुसार प्रकृया पुरा गरी नगरपालिकालाई उपलब्ध गराउनका लागि आवश्यक कारबाही अघि बढाउनका लागि यो निवेदन पेश गरेको छु।
तपशिल:

१. जग्गा धनीको विवरण
   - नाम :
   - बुवा/ ससुराको नाम :
   - पति/ पत्नीको नाम :
   - स्थायी ठेगाना :
   - अस्थायी सम्पर्क ठेगाना :
   - सम्पर्क नम्बर :
   - नागरिकता प्रमाण पत्र नं. :

२. जग्गाको विवरण
   - कि.नं. :
   - क्षेत्रफल :
   - चारकिल्ला :

     पूर्व .............................. पश्चिम ..............................

     उत्तर .............................. दक्षिण ..............................
   - सडक पूर्वाधारको अवस्था : सडकको किसिम (कालोपत्रे, कच्ची, ग्राभेल) खुलाउने ..............................

३. लिन चाहेको मुआब्जा रकम प्रति रोपनी रु. ..............................

निवेदक

हस्ताक्षर :

नाम:

ठेगाना:

संलग्न गर्नुपर्ने कागजात :

क) उपलब्ध गराउन खोजेको जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ।

ख) जग्गाधनिको नागरिकताको प्रतिलिपि ।

ग) जग्गाको नापी नक्सा/ ट्रेस नक्सा ।

घ) मालपोत तिरेको रसिद ।